जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ११४ २०७९ साल मंसिर १५ गते बिहीबार (1 Dec. 2022 Thursday) मूल्य रु. ५/-

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : निकटतम प्रतिस्पर्धी भई.. ३ पृष्ठमा : यसरी हुन्छ नयाँ सरकार गठन... ३ पृष्ठमा : एकै परिवारका छ जनाको जलेर...

## सप्तरीको समानुपातिकतर्फ अन्तिम नतिजा सार्वजनिक

# प्रतिनिधि र प्रदेशसभा दुबैमा जनमत पहिलो



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

सप्तरीमा जनमत पार्टी प्रतिनिधिसभा र प्रदेशसभा दुबैमा समानुपातिकतर्फ पहिलो ठुलो दल बनेको छ । मधेश प्रदेशमा नयाँ शक्तिको रुपमा उदाएको जनमतले दुबै सभामा ८५ हजार भन्दा बढी मत पाएको छ ।

बुधवार घोषित अन्तिम मतपरिणाम अनुसार जनमत पार्टीले जिल्लाको ४ वटै प्रतिनिधीसभामा ८५ हजार ५ सय ९२ मत तथा ८ वटै प्रदेशसभातर्फ ८६ हजार ७ सय ७ मत प्राप्त गरि समानुपातिकतर्फको पहिलो ठुलो दल बनेको हो ।

यस्तै प्रतिनिधिसभातर्फ ४८ हजार ३ सय ५० मत प्राप्त गरी जसपा दोश्रो तथा ४१ हजार १ सय ८७ मत प्राप्त गरी नेपाली काँग्रेस तेश्रो दल भएको छ भने नेकपा एमाले २८ हजार २ सय १८ मत ल्याई चौथो स्थानमा रहेका छन् ।

जनमत पार्टीले प्रतिनीधीसभा समानुपातिकतर्फ सब भन्दा बढी क्षेत्र नं. २ बाट मत प्राप्त गरेको छ । पार्टी अध्यक्ष समेत रहेका जनमतका उम्मेदवार डा.सिके राउतले जित निकालेको यस क्षेत्रबाट सो पार्टीले समानुपातिक तर्फ २९ हजार ८ सय २ मत ल्याएका छन् ।

यस्तै प्रदेशसभातर्फ पनि समानुपातिकमा ८६ हजार ७ सय ७ मत ल्याई जनमत पार्टी पहिलो ठुलो दल बनेको छ । प्रदेशसभा समानुपातिकतर्फ जसपाले ४८ हजार २ सय ५ तथा नेपाली काँग्रेसले ३८ हजार ६ सय ६४ मत प्राप्त गरि क्रमशः दोश्रो र तेश्रो स्थान हासिल गरेको छ । यस्तै २५ हजार १ सय ८७ मत ल्याई एमाले चौथो स्थानमा रहेको छ ।

सप्तरीमा कुल ४ लाख १८ हजार ३ सय ७४ मतदाता रहेकोमा २ लाख ७९ हजार १ सय २१ मत खसेको थियो । जस मध्ये १७ हजार २२ मत बदर भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ ।

# सप्तरीको सुरुङ्गा नगरपालिका मधेश प्रदेशको पहिलो बालविवाह मुक्त नगर घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

सप्तरीको सुरुङ्गा नगरपालिकालाई मधेश प्रदेशकै पहिलो बालविवाह मुक्त नगर घोषणा गरिएको छ । बुधबार एक समारोहबीच उक्त नगरपालिका अन्तरगत सबै ११ वटै वडालाई बालविवाह मुक्त वडा घोषणा गरिएको हो ।

सप्तरी क्षेत्र नं. ४ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य तेजुलाल चौधरीले घोषणापत्र प्रस्तुत गर्दै सुरूङ्गा नगरपालिकालाई बालबिवाह मुक्त नगर घोषणा गरे ।

सुरूङ्गा नगरपालिकाको आयोजना तथा सेभ द चिल्ड्रेन र सबल नेपाल सहयोगको आयोजित घोषणा कार्यक्रममा प्रमुख प्रशासकिय अधिकृत गजेन्द्रनाथ शर्माले बालविवाह मुक्त नगरपालिका घोषणा प्रतिवेदन प्रस्तुत गर्दै १४ वटा सबै सुचक पुरा गरेपछि नगरपालिका बालविवाह मुक्त नगर घोषणा गरिएको जानकारी दिए ।

बालविवाह मुक्त अभियान संचालन निर्देशिका २०७९ अनुसार घरदैलो अभियानमार्फत बस्ती तथा वडाका सबै बालवालिका, किशोरकिशोरी र अभिभावकहरूलाई बालविवाहका बिषयमा जनचेतना कार्यक्रम गर्दै सचेत गराई बालविवाह हुन नदिन र कदाचित भएमा कानुनी प्रक्रिया अवलम्बन गर्ने सहितका सुचक पूरा गरेपछि घोषणा गरिएको नगर प्रमुख गिता चौधरीले बताईन ।

प्रतिवेदनमा बि.स ०७८ मंसिर देखी ०७९ कार्तिक सम्म वडा १ देखि ११ सम्ममा जम्मा बिवाह ३ सय ३५ भएको र त्यस मध्ये १८ बर्ष मुनीको १ वटा विवाह तथा २० बर्ष मुनीका १८ वटा विवाह मात्र भएको सुचक अनुसार ५ प्रतिशत वालबिवाह मात्र देखिएकोले ९० प्रतिशत सुचक पूरा गरेपछि घोषणा गरिएको प्रशासकिय अधिकृत सिंहले जानकारी दिए ।

कार्यक्रममा नवनिर्वाचित प्रदेश सभा सदस्य अनिरूद्ध प्रसाद सिंह, प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापा, जिल्ला वन कार्यालय प्रमुख हेमन्त साह, पुर्व नगरप्रमुख मुक्तीनाथ चौधरी, सेभ द चिल्ड्रेन क्षेत्रिय प्रबन्धक प्रकाश आचार्य, नेपाल पत्रकार महासंघ पुर्व केन्द्रीय सदस्य अबधेश झा, सबल नेपालका अध्यक्ष जुना गिरी, निर्देशक दिपक झा लगायतले शुभकामना मन्तब्य व्यक्त गरेका थिए ।

# ह्याट्रिक लगाउने पहिलो नेता बने "तेजुलाल"

**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**

प्रतिनीधसभा क्षेत्र नं.४ मा नेपाली काँग्रेसका नेता ६५ वर्षिय तेजुलाल चौधरी जीतको ह्याट्रिक लगाउने पहिलो नेता बनेका हुन् ।

जिल्लामा कुनै पनि संसदीय निर्वाचनामा तीन पटक जीत निकालेको इतिहास छैन । तर यस पल्ट लगातार तेश्रो जीत निकालेर चौधरीले इतिहास रचेका छन् ।

तेश्रो संसदिय यात्रामा उनले यस पटक जसपाका बालकिशोर यादवलाई ५ हजार ५ सय १४ मतान्तरले पराजित गरे । चौधरीले २३ हजार ४ सय ९१ मत ल्याउँदा निकटतम प्रतिद्वन्दी रहेका यादवले १७ हजार ९ सय ७७ मत ल्याए ।

पहिलो पटक चौधरी २०७० सालको संसदिय निर्वाचनमा विजयी भएका थिए। दोश्रो पटक २०७४ सालको निर्वाचनमा पनि उनी यसै क्षेत्रबाट भारी मतले विजयी भएका थिए । उनले सत्तारुढ गठबन्धनलाई टुटाउन विभिन्न खाले षडयन्त्र भइरहेको



तेजुलाल चौधरी, प्रतिनिधिसभा सदस्य, सप्तरी क्षेत्र नं. ४

बताउँदै भने "गठबन्धन कुनै हालतमा टुटदैन र तोडन पनि हुदैन ।"

उनले अब बन्ने सरकारले लोकतन्त्रको हित, विधीको शासन, संविधानको रक्षा र विकासलाई उच्च प्राथमिक्तामा राखेर अघि बढ्ने विश्वास समेत ब्यक्त गरेका छन् ।

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

## सम्पादकीय

### जाडो मौसमको आवागमनसँगै पूर्व तयारी आवश्यक

हरेक वर्ष झैं यस वर्ष पनि जाडो मौसमले आवागमन गरिसकेको छ। सप्तरीमा हरेक वर्ष चिसोका कारण जनजिवन कष्टर बन्ने गरेको छ। विगतका वर्षहरुमा अत्याधिक चिसोका कारण निमुखा जनताहरुले ज्यान समेत गुमाउनु परेको सर्वसविदितै छ। खास गरि यस मौसममा गरिब, निमुखाका साथै बालबालिका र बृद्धबृद्धा बढी प्रभावित भइरहेका हुन्छन्। चिसो बढेपछि दैनिक कार्य समेत प्रभावित बन्न पुग्छ। यस जिल्लामा बढी गरिब, विपन्न, दलित समुदायको बसोवास रहेको छ।

न्यानो कपडाको अभावमा चिसोबाट ती मानिसहरु अत्याधिक प्रभावित हुने गरेका छन्। अहिले चिसो मौसमको आवागमन भएको छ। बिस्तारै केही दिनपछि अत्याधिक चिसो बढ्ने छ। यसप्रति अहिलेदेखी नै सतर्क रहनु पर्दछ। यसका लागि स्थानिय सरकारले गरिब जनताका लागि चिसोबाट बच्ने उपायका साथै न्यानो कपडाको प्रबन्ध गर्न तत्परता देखाउनु जरुरी छ। एक छाक खान र लगाउन धौं धौं परिरहेका ती समुदायलाई चिसो छल्न न्यानो कपडाको आवश्यकता रहेको छ। जहिले पनि चिसो बढेपछि मात्र स्थानिय निकाय तथा सरोकारवाला निकाय तात्ने बानी अहिले पनि कायमै रहेको छ। विपद् आएको बेला मात्र ध्यानाकर्षण हुने बानी हालसम्म त्यस्ता निकायको छुटेको छैन्। जनताको मौलिक हकका लागि लड्ने संघसंस्थाको पनि उनीहरुप्रति ध्यान पुग्न सकेको छैन्। हरेक स्थानिय तहले आफ्नो जनता चिसोका कारण कुनै अफठ्यारोमा नपरुन भन्ने बारे अहिले नै ध्यान पुऱ्याउनु अत्यन्त आवश्यक छ।

तसर्थ यसका लागि पूर्वतयारी स्वरुप स्थानिय तह लगायत सम्पूर्ण सरोकारवाला निकायले गरिब, निमुखा जनताका लागि चिसोबाट बचाउनका लागि न्यानो कपडा तथा अन्य व्यवस्थाका लागि कदम चाल्नु आवश्यक छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# निकटतम प्रतिस्पर्धी भई पराजित महिला उम्मेदवार

काठमाडौं, १४ मङ्सिर (रासस)।
यही मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन अन्तर्गत प्रतिनिधिसभाका एक सय ६२ निर्वाचन क्षेत्रको मतपरिणाम सार्वजानिक भइसकेको छ।

ती मध्ये नौ महिला प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। यसरी निर्वाचित हुनुहुनेमा नेकपा (एमाले)बाट बारा-३ बाट ज्वालाकुमारी साह, धनुषा-३ बाट जुली कुमारी महतो र सुनसरी-३ बाट भगवती चौधरी र कास्की-२ बाट विद्या भट्टराई हुनुहुन्छ।

यसैगरी तेह्रथुम-१ बाट नेपाली कांग्रेसकी सीता गुरुङ, दाङ-२ बाट नेकपा (माओवादी केन्द्र)की रेखा शर्मा ,कैलाली-१ बाट नागरिक उन्मुक्ति पार्टी रञ्जिता श्रेष्ठ, ललितपुर-३ बाट राष्ट्रिय स्वतन्त्र पार्टीकी डा तोसिमा कार्की र सोही पार्टीकबाट काठमाडौं-२ बाट सोबिता गौतम निर्वाचित हुनुभएको छ।

प्रतिनिधिसभा सदस्य तर्फको निर्वाचनमा निकटतम प्रतिस्पर्धीका रूपमा पराजित हुनेमा १५ महिला उम्मेदवार रहेका छन्। निर्वाचन आयोगका अनुसार प्रदेश १ मा तीन, मधेस प्रदेशमा एक, कर्णाली प्रदेशमा एक, लुम्बिनी प्रदेशमा पाँच, गण्डकीमा एक, बागमती प्रदेशमा एक र सुदूरपश्चिममा तीन निकटतम प्रतिस्पर्धी महिला उम्मेदवार बनेका छन्। पराजित हुने अधिकांश पूर्वसासंद महिला छन्।

**प्रदेश १**

मोरङ निर्वाचन क्षेत्र नं २ मा नेपाली कांग्रेसकी सुजाता कोइरालाले एमालेका ऋषिकेश पोखरेलसँग एक हजार दुई सय आठ मतले पराजित हुनुभयो। उहाँले ३१ हजार नौ सय ४० मत प्राप्त गर्नुभयो।

सुनसरी१ मा राष्ट्रिय स्वतन्त्र पार्टीकी गोमा तामाङ जनता समाजवादी पार्टीका अशोक राईको निकटतम प्रतिस्पर्धी बन्नुभयो। मतगणनाका क्रममा केही समय अग्रता लिनुभएको तामाङले अन्तिम मतपरिणाममा भने चार सय ५३ मतान्तरले राईसँग पराजित हुनुभयो। उहाँले १६ हजार छ सय छ मत ल्याउनुभएको हो।

एमालेकी मञ्जुकुमारी चौधरी उदयपुर-१ मा कांग्रेसका डा नारायण खड्कासँग पराजित हुनुभएको छ। डा खड्कासँग दुई हजार तीन सय ७९ मतान्तरले चौधरी पराजित हुनुभएको थियो।

**मधेश प्रदेश**

सिरहा २ मा जसपाका राजकिशोर यादवसँग कांग्रेसकी चित्रलेखा यादव एक हजार एक सय ५० मतान्तरले पराजित हुनुभयो। चित्रलेखाले २३ हजार २८ मत प्राप्त गर्नुभयो।

**कर्णाली प्रदेश**

जुम्ला १ मा माओवादी केन्द्रकी गोमा गौतम (कुँवर) राष्ट्रिय प्रजातन्त्र पार्टीका ज्ञानबहादुर शाहीको निकटतम प्रतिस्पर्धी बन्नुभयो। उहाँले ११ हजार नौ सय ५९ मत प्राप्त गर्नुभएको थियो भने शाहीले २२ हजार आठसय १९ मत प्राप्त गर्नुभएको थियो।

**लुम्बिनी प्रदेश**

दाङ-१ मा एमालेकी शान्ता चौधरी नेकपा (एकीकृत समाजवादी) का मेटमणि चौधरीको निकटतम् प्रतिस्पर्धी बन्नुभयो। शान्ताले मेटमणिसँग पाँच हजार ८३ मतान्तरले पराजित हुनुभयो। शान्ताले २१ हजार चार सय ९३ मत प्राप्त गर्नुभएको थियो।

दाङ-३ मा एमालेकी कोमल वली कांग्रेसका दीपक गिरीको निकटतम प्रतिस्पर्धी बन्नुभयो। गिरीले ३६ हजार नौ सय ११ मतसहित निर्वाचित हुनुभयो। गिरीसँग सात हजार आठ सय १९ मतले वली पराजित हुनुभयो।

प्यूठान -१ मा राष्ट्रिय जनमोर्चाकी दुर्गा पौडेल एमालेका सूर्यबहादुर थापा क्षेत्रीको निकटतम प्रतिस्पर्धी बन्नुभयो। ४१ हजार एक सय १८ मतले निर्वाचित हुनुभएको थापासँग पाँच हजार तीन सय चार मतान्तरले पौडेल पराजित हुनुभयो। पौडेलले ३५ हजार आठ सय १४ मत प्राप्त गर्नुभएको थियो।

अर्घाखाची-१ मा कांग्रेसकी पुष्पा भुसाल (गौतम) एक हजार सात सय ३० मतले एमालेका टोपबहादुर रायमाझीसँग पराजित हुनुभयो। भुसालले ४० हजार नौ सय ४५ मत प्राप्त गर्नुभएको थियो।

गुल्मी -२ मा नेकपा एसकी रामकुमारी झाँक्री एमालेका गोकर्णराज बिष्टसँग दुई हजार ३५ मतान्तरले पराजित हुनुभयो। झाँक्रीले २६ हजार चार सय ४१ मत प्राप्त गर्नुभयो।

**गण्डकी प्रदेश**

बागलुङ-२ मा एमालेकी मञ्जु शर्मा चार हजार छ सय एक मतान्तरले माओवादी केन्द्रका देवेन्द्र पौडेलसँग पराजित हुनुभयो। शर्माले २० हजार एक सय ९३ मत प्राप्त गरी पौडेलको निकटतम प्रतिस्पर्धी बन्नुभयो।

**बागमती प्रदेश**

मकवानपुर-१ मा राप्रपाका दीपकबहादुर सिंह निर्वाचित हुनुभयो। उहाँको निकटतम प्रतिस्पर्धी कांग्रेसकी महालक्ष्मी उपाध्याय (डीना) हुनुभएको थियो। उहाँले दुई हजार तीन सय ८६ मतान्तरले राप्रपाका सिंहसँग पराजित हुनुभयो।

**सुदूरपश्चिम प्रदेश**

कञ्चनपुर-१ मा एमालेका तारा लामा तामाङ निर्वाचित हुनुभयो। उहाँको निकटम प्रतिस्पर्धी माओवादी केन्द्रकी बीना मगर हुनुहुन्थ्यो। पाँच हजार पाँच सय ४३ मतान्तरले पराजित हुनुभएको मगरले १९ हजार चार सय मत प्राप्त गर्नुभयो।

कन्चनपुर-३ मा कांग्रेसका रमेश लेखकसँग एमालेकी निरुदेवी पाल १२ हजार ९० मतान्तरले पराजित हुनुभयो। डोटी-१ मा एमालेकी गौरीकुमारी ओली, नेकपा (एस)का प्रेमबहादुर आलेसँग चार हजार दुई सय ६ मतान्तरले पराजित हुनुभयो।

**'आन्तरिक सङ्गठनहरू बलियो भएन'**

एमालेकी गौरीकुमारी ओली भन्नुहुन्छ, " मैले जति मत पाएकी छु त्यो जनताले स्वस्फूर्त दिएको मत हो। म उहाँहरूको मनमा बस्न सफल भएको छु।" सोही पार्टी एमालेकी कमल वली मतदाता शिक्षाका अभावमा बदरमतको कारण पनि आफ्नो मत काटिएको बताउनुहुन्छ।

पराजित भएपछि निर्वाचन समीक्षा गर्दै एमालेकी पाल भन्नुहुन्छ, "मेरो हारको मुख्य चुनौती गठबन्धन बन्यो।"

गठबन्धनकातर्फबाट कांग्रेसकी पराजित कोइराला भन्नुहुन्छ, "गठबन्धनभित्रबाटै सहयोग भएन, आन्तरिक सङ्गठनहरू बलियो भएन। मलाई गठबन्धनका सबै दलबाट भोट प्राप्त भएन।" सोही पार्टीकी यादवले भन्नुभयो "गठबन्धनभित्रका साथीहरूबाट नै मत पाइनँ। हामीले सुरुमा आङ्कलन गरेको गठबन्धनको मतले मेरो जित सुनिश्चित थियो। मैले उहाँहरूलाई विश्वास गरे। अन्तिममा भित्रबाटै धोका भयो।"

राष्ट्रिय स्वतन्त्र पार्टीका तामाङ निर्वाचनमा पहिलोपटक उम्मेदवार हुँदा जनताले विश्वास गरेर आफूलाई दिएको मत महत्वपूर्ण रहेको बताउनुभयो।

# पत्रकारिता पृष्ठभूमिका नौजना प्रतिनिधिसभामा

काठमाडौं, १४ मङ्सिर (रासस)।
पत्रकारिता पृष्ठभूमिका आठजना राजनीतिक दलका नेताहरू संघीय संसद्, प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभएको छ। पत्रकारिता पृष्ठभूमिबाट नेपाली कांग्रेसबाट वरिष्ठ नेता रामचन्द्र पौडेल, महामन्त्रीद्वय विश्वप्रकाश शर्मा र गगन थापा, केन्द्रीय सदस्य रमेश लेखक, स्वतन्त्र उम्मेदवार अमरेशकुमार सिंह, नेकपा (एमाले) बाट नेताहरु गोकुल बाँस्कोटा र सूर्य थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका संयोजक रवि लामिछाने, सोही पार्टीका नेत्री सोबिता गौतम निर्वाचित हुनुभएको छ।

वरिष्ठ नेता पौडेलले तनहुँ निर्वाचन क्षेत्र नं २ बाट २५ हजार तीन सय ६१ मत प्राप्त गरी विजयी हुनुभएको छ। उहाँका प्रतिस्पर्धी एमालेका एकबहादुर राना मगरले १९ हजार नौ सय ८१ मत पाउनुभएको छ। वरिष्ठ नेता पौडेलले पञ्चायतकालमा 'तरुण' पत्रिकाको सम्पादक मण्डलमा बसेर काम गर्नुभएको थियो।

त्यसैगरी महामन्त्री विश्वप्रकाश शर्माले झापा-१ बाट ३९ हजार ६ सय २४ मतसहित विजयी हुनुभएको छ। एमालेका अग्निप्रसाद खरेलले २५ हजार तीन सय ४९ मत पाउनुभएको छ। महामन्त्री शर्मा 'ऐना' कार्यक्रमको प्रस्तोता हुनुहुन्थ्यो। अर्का महामन्त्री थापाले काठमाडौं निर्वाचन क्षेत्र नं ४ बाट २१ हजार तीन सय दुई मत प्राप्त गरी विजयी हुनुभएको छ। एमालेका राजन भट्टराईले भने १३ हजार आठ सय ५५ मत पाउनुभएको छ। थापा इमेज एफएममा कार्यक्रम प्रस्तोता तथा समाचार वाचक हुनुहुन्थ्यो। कांग्रेसका केन्द्रीय सदस्य रमेश लेखकले ३० हजार पाँच सय ७५ मत लिएर विजयी हुनुभएको छ। २०४८ सालमा 'महाकाली' साप्ताहिकका कार्यकारी सम्पादक भएर काम गर्नुभएका लेखकले एमालेकी नेत्री निरुदेवी पाललाई १० हजार मतान्तरले हराउनुभएको हो।

स्वतन्त्र उम्मेदवार अमरेशकुमार सिंह सर्लाही-४ बाट २० हजार १७ मत प्राप्त गरी प्रतिनिधिसभा सदस्यका लागि निर्वाचित हुनुभएको हो। गोरखापत्र दैनिकका पूर्वसञ्चालक समिति सदस्य सिंहका प्रतिस्पर्धी नेपाली कांग्रेसका नगेन्द्र कुमारले १८ हजार दुई सय ५३ मत प्राप्त गर्नुभएको हो। त्यसैगरी एमालेका नेता काभ्रेपलान्चोक-२ बाट गोकुल बाँस्कोटाले ४५ हजार तीन सय ४५ मत ल्याएर विजयी हुनुभएको छ। पूर्वसञ्चार तथा सूचना प्रविधिमन्त्री बाँस्कोटाले आफ्ना प्रतिस्पर्धी कांग्रेसका शिवप्रसाद हुमागाईंले ३९ हजार चार सय ८२ मत ल्याउनुभएको छ। नेता बाँस्कोटा 'सम्बोधन' साप्ताहिकको सम्पादक हुनुहुन्थ्यो। त्यसैगरी एमालेका सूर्य थापाले प्यूठानबाट

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# यसरी हुन्छ नयाँ सरकार गठन र संसद् सञ्चालन

काठमाडौँ, १४ मङ्सिर (रासस)।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको मतपरिणाम आउने क्रम अन्तिम चरणमा छ। निर्वाचन परिणामसँगै नयाँ सरकार गठन र संसद् सञ्चालनको चर्चा सुरु भएको छ। निर्वाचन आयोगका अनुसार हालसम्म प्रतिनिधिसभाको प्रत्यक्षतर्फको एक सय ६५ मध्ये एक सय ६१ स्थानको नतिजा आइसकेको छ।

प्राप्त मतपरिणामअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फ नेपाली कांग्रेसले ५४ स्थानमा जित हासिल गरी एक स्थानमा अग्रता कायम गरेको छ। यस्तै नेकपा (एमाले) ले ४४, नेकपा (माओवादी केन्द्र)ले १७, नेकपा (एकीकृत समाजावदी)ले १०, जनता समाजवादी पार्टी नेपाल, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात स्थानमा जित हासिल गरेका छन्। निर्वाचनमा लोकतान्त्रिक समाजवादी पार्टी नेपाल चार, नगारिक उन्मुक्ति पार्टी तीन, राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टीले एक/एक स्थान तथा स्वतन्त्र पाँच जनाले प्रत्यक्षतर्फ जित हासिल गरेका छन्।

यसैगरी प्रतिनिधिसभाको समानुपातिकतर्फ बुधबार दिउँसोसम्म एक करोड ४२ हजार पाँच सय १४ सदर मतमध्ये एमालेले २७ लाख नौ सय चार, कांग्रेसले २५ लाख ५९ हजार ४२, माओवादी केन्द्रले ११ लाख ४५ हजार तीन सय ९१, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार छ सय ४७, राप्रपाले पाँच लाख ७१ हजार एक सय ६९, जसपाले तीन लाख ९६ हजार आठ सय ३९, जनमत पार्टीले तीन लाख ६० हजार छ सय ६९ र एकीकृत समाजवादीले दुई लाख ८२ हजार आठ सय ८९ मत प्राप्त गरेका छन्।

सङ्घीय संसद्को तल्लो सदन प्रतिनिधिसभामा एक सय ६५ सांसद प्रत्यक्ष र एक सय १० सांसद् समानुपातिक प्रणालीबाट निर्वाचित हुने संवैधानिक व्यवस्था छ। प्रतिनिधिसभा दुई सय ७५ सदस्यीय हुनेछ भने सङ्घीय संसद्को माथिल्लो सदन राष्ट्रियसभा ५९ सदस्यीय हुने संविधानमा उल्लेख छ।

निर्वाचन आयोगले यसअघि यही मङ्सिर २२ गतेसम्म निर्वाचनको अन्तिम मतपरिणाम आइसक्ने र त्यसको सम्पूर्ण विवरण राष्ट्रपतिलाई बुझाउने समय निर्धारण गरेको थियो। बाजुरा, स्याङ्जा र दोलखामा निर्वाचन एवं मतगणनामा भएको ढिलाइले अन्तिम मतपरिणाम निर्धारित समयमै आउनेमा आशङ्का छ।

निर्वाचनको मतपरिणाम अन्तिम चरणमा पुग्दै गर्दा दलहरूले नयाँ सरकार गठनका लागि प्रयास थालेका छन् भने सङ्घीय संसद् सचिवालयले पनि नयाँ संसद् सञ्चालनका लागि आवश्यक तयारी थालेको छ। यसैबीच, प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले भेट गरी पाँचदलीय सत्ता गठबन्धनकै नयाँ सरकार बनाउने सम्बन्धमा आपसी छलफल सुरु गर्नुभएको छ।

**के छ नयाँ सरकार गठनको संवैधानिक व्यवस्था**

नेपालको संविधानको धारा ७६ मा राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने प्रावधान छ। प्रतिनिधिसभाका प्रत्यक्ष एक सय ६५ र समानुपातिक एक सय १० सिटको हालसम्मको मतपरिणाम हेर्दा कुनै पनि दलको बहुमत नआउने स्पष्ट छ। प्रतिनिधिसभाको कूल दुई सय ७५ सिटमध्ये बहुमत पुर्‍याउन एक सय ३८ सिट ल्याउनुपर्छ।

सोही धाराको उपधारा (२) मा कुनै पनि दलको स्पष्ट बहुमत नरहेका अवस्थामा प्रतिनिधिसभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्नसक्ने प्रतिनिधिसभाका सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ।

त्यस्तै उपधारा (३) मा प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुनसक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्य भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा (४) मा उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नुपर्नेछ। उपधारा (५)मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्यले प्रतिनिधिसभामा विश्वासको मत प्राप्त गर्नसक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ।

उपधारा (६)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्नुपर्नेछ। त्यस्तै उपाधारा (७)मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधिसभा विघटन गरी छ महिनाभित्र अर्को प्रतिनिधिसभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्ने संविधानको व्यवस्था छ।

उपधारा (८)मा संविधानबमोजिम भएको प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको वा प्रधानमन्त्रीको पद रिक्त भएको मितिले ३५ दिनभित्र प्रधानमन्त्री नियुक्तिसम्बन्धी प्रक्रिया सम्पन्न गर्नुपर्ने प्रावधान छ।

**नयाँ संसद् सञ्चालनको तयारी**

संविधानको ९३ मा राष्ट्रपतिले प्रतिनिधिसभाका लागि निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले ३० दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ। निर्वाचनको अन्तिम मतपरिणाम प्राप्त हुने समय नजिकिएसँगै सङ्घीय संसद् सचिवालयले संसद् बैठक सञ्चालनका लागि आवश्यक तयारी प्रारम्भ गरेको छ।

प्रतिनिधिसभा निर्वाचनको अन्तिम मतपरिणाम आएसँगै दलहरूले नयाँ सरकार गठनको पहल गर्ने र नयाँ सरकार गठनपछि उक्त सरकारले संसद् बैठकको अधिवेशन आह्वान गर्नेछ। संसद् बैठक बस्नु अगावै प्रतिनिधिसभाका नवनिर्वाचित सांसदमध्ये ज्येष्ठ सांसदले राष्ट्रपतिबाट शपथ लिनुहुने संसद् सचिवालयका महासचिव डा भरतराज गौतमले राससलाई जानकारी दिनुभयो। ज्येष्ठ सदस्यले अन्य सदस्यलाई शपथ गराएपछि संसद् बैठक प्रारम्भ हुनेछ।

निर्वाचनपछिको पहिलो संसद् बैठकलाई राष्ट्रपतिले सम्बोधन गर्नुहुनेछ। संविधानको धारा ९५ को उपधारा (२) मा राष्ट्रिपतिले प्रतिनिधिसभाको निर्वाचन पछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने उल्लेख छ।

प्रतिनिधिसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रतिनिधिसभाका सदस्यले आफूमध्येबाट सभामुख र उपसभामुखको निर्वाचन गर्नुपर्नेछ। सभामुख र उपसभामुखमध्ये एकजना महिला हुने गरी निर्वाचन गर्नुपर्ने तथा सभामुख र उपसभामुख फरक दलबाट प्रतिनिधित्व हुनुपर्ने संवैधानिक व्यवस्था छ।

**अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमै संसद् बैठक**

यसअघि सिंहदरबार परिसरमा निर्माणाधीन सङ्घीय संसद्को नयाँ भवनमा नयाँ संसद् बैठक बस्ने भनिए पनि निर्धारित समयमै निर्माण सम्पन्न नहुँदा अबको संसद् बैठक हालको नयाँ बानेश्वरस्थित अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा नै बस्नेछ। उक्त नयाँ भवन सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ।

प्रतिनिधिसभाको यस निर्वाचनबाट दलहरू र स्वतन्त्र सांसदको सङ्ख्या बढ्ने देखिएपछि त्यसको व्यवस्थापनको तयारीमा सचिवालय जुटेको छ। थपिने दलहरू र सांसदका लागि सिंहदरबार परिसरमै संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष र बैठककक्ष, सवारी साधन र कर्मचारीलगायत आवश्यक व्यवस्थापनको तयारी थालिसकिएको सचिवालयका प्रवक्ता डा रोजनाथ पाण्डेले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "निर्वाचनबाट आउने दल र सांसदका लागि संसदीय दलको कार्यालयलगायत व्यवस्थापन गर्नुपर्ने भयो, सिंहदरबारभित्र उपयुक्त स्थानमा कार्यालय उपलब्ध गराउने गरी तयारी थालेका छौं।" २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा पाँचवटा राष्ट्रिय दल बनेका थिए भने एमालेबाट विभाजन भएको एकीकृत समाजवादीलाई पनि सचिवालयले दलको कार्यालय उपलब्ध गराएको थियो।

यसबाहेक दुई वा दुईभन्दा बढी सांसद भएका दललाई सचिवालयले संसदीय दलको कार्यालय, नेता र सचेतकको कार्यकक्ष, बैठक कक्ष उपलब्ध गराउनुपर्नेछ। यस निर्वाचनबाट प्रतिनिधिसभामा १२ दलको प्रतिनिधित्व भएको छ भने पाँच स्वतन्त्र सांसद निर्वाचित भएका छन्।

## पत्रकारिता ...

४१ हजार एक सय १८ मतसहित विजयी हुनुभएको छ। सोही क्षेत्रमा राष्ट्रिय जनमोर्चाका नेत्री दुर्गा पौडेलले ३५ हजार आठ सय १४ मत प्राप्त गर्नुभएको छ। थापा 'बुधबार' साप्ताहिकको सम्पादक हुनुहुन्थ्यो।

राष्ट्रिय स्वतन्त्र पार्टीका संयोजक रवि लामिछानेले चितवन-२ बाट ४९ हजार तीन सय मत ल्याएर विजयी हुनुभएको छ। कांग्रेसका नेता उमेश श्रेष्ठले भने १४ हजार नौ सय ८८ मत ल्याउनुभएको छ। छामिछानेले न्यूज-२४ टेलिभिजनबाट प्रसारित 'सिधा कुरा जनतासँग' कार्यक्रम सञ्चालन गर्नुहुन्थ्यो। त्यसैगरी पत्रकारिता पृष्ठभूमिका रास्वपाका नेत्री सोविता गौतम १५ हजार दुई सय ३८ मतसहित काठमाडौँ निर्वाचन क्षेत्र नं २ बाट विजयी हुनुभएको छ। टेलिभिजन कार्यक्रम प्रस्तोता गौतमले सो क्षेत्रमा ११ हजार पाँच सय ६६ मत ल्याउनुभएका एमालेका मणिराम फुयाँललाई पराजित गर्नुभएको हो।


## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका वडा नं. २ (साविक सितापुर १) निवासी कौशल शाहको रजिष्ट्रशन नं. ६८०५५६१५२ भएको उच्च मावि शिक्षा परिषदको माईग्रेशन सर्टिफिकेट २०७९ भदौं ८ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०१९३९५०१ मा सम्पर्क गर्नुहोला।

**नाम : कौशल शाह**
**ठेगाना : अग्निसाइर कृष्णासवरण गापा २, सप्तरी**
**रजिष्ट्रेशन नं. : ६८०५५६१५२**
**सि.नं. : ३०५०४८६७**


# विश्व समाचार

## एकै परिवारका छ जनाको जलेर मृत्यु, सडक दुर्घटनमा अन्य छ जना मारिए

फिरोजावाद (उत्तरप्रदेश), १४ मङ्सिर (रासस/एएनआई)।

विद्युत् प्रवाहमा गडबडी उत्पन्न भइ यहाँको एक आवासीय भवनमा आगालागी हुँदा एकै परिवारका छ जनाको मृत्यु भएको छ। सोही परिवारका तीन जनाको गम्भीर अवस्थामा स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

मङ्गलबार राति लागेको आगोमा परेर तीन जना बालबालिकाको पनि ज्यान गएको फिरोजावादका प्रहरी उपरीक्षक आशिष तिवारीले बताए। आग्रा, इत्हा, मनिपुरीलगायत १८ वटा अग्निसमन केन्द्रका जवान र फिरोजावादसहित १२ वटा प्रहरी कार्यालयका सुरक्षाकर्मीको सयोगमा राति अबेर आगो निभाइएको उनले बताए।

आगलागीको उक्त घटनालाई गम्भीररूपमा लिँदै मुख्यमन्त्री आदित्यनाथसहितको उच्च अधिकारीको टोली राति नै घटनास्थलमा पुगेर वस्तुस्थिति बुझ्नका साथै त्यसले सम्बद्ध निकाय तथा पदाधिकारीलाई तत्काल राहतकार्य थाल्न निर्देशन दिएको थियो।

मुख्यमन्त्री कार्यालयले दिवङ्गतको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ। मुख्यमन्त्रीले घाइतेलाई तत्काल अस्पताल लैजान र उचित उपचार गर्न जिल्ला प्रशासनका पदाधिकारीलाई निर्देशन दिँदै शीघ्र स्वास्थ्यलाभको कामना गरेका छन्। साथै उनले दुर्घटनामा ज्यान गुमाएकाका परिवारलाई तत्काल रु दुई लाख आर्थिक सहयोग उपलब्ध गराउने घोषणा गरेका छन्।

यसैबीच, राज्यको बहराइच जिल्लामा बुधबार बिहान सखारै भएको सडक दुर्घटनामा छ जनाको मृत्यु भएको छ भने १५ जना घाइते भएका छन्। जिल्लाको टप्पे सिपाह क्षेत्रमा रोडवेजको बस र ट्रक एक आपसमा ठोक्किदा उक्त हताहती भएको प्रहरीले जनाएको छ। दुर्घटनाको कारण भने खुलेको छैन। प्रहरीका अनुसार घाइतेमध्ये चार जनाको अवस्था चिन्ताजक छ। उनीहरू सबैको स्थानीय अस्पतालमा उपचार भइरहेको छ।

## 'खाद्यान्न अभावसँगै ९७ प्रतिशत अफगानी गरिबीको रेखामुनि छन्'

काबुल, १४ मङ्सिर (रासस/एएनआई)।

खाद्यान्न अभावसँगै ९७ प्रतिशत अफगान जनता गरिबीको रेखामुनि बाँचिरहेका एक सर्वेक्षणले देखाएको छ। तालिबानले गत वर्ष देशको शासनसत्ता कब्जा गरेपछि अर्थतन्त्रमा गम्भीर चुनौती उत्पन्न भई खाद्यान्न अभाव बढेको छ।

आप्रवासनका लागि अन्तरराष्ट्रिय सङ्गठन (आईओएम)द्वारा युरोपेली सङ्घसँगको साझेदारी र समन्वयमा जारी गरिएको सर्वेक्षणअनुसार अफगानिस्तानको ९७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि धकेलिएको छ। बिजुली कटौतीका कारण देशका प्रमुख सहरको अर्थतन्त्रमा प्रभाव परेको, विद्युत् अभावमा धेरै कारखाना बन्द भएका तथा रोजगारीका सीमित अवसरमा पनि प्रभाव परेको छ।

खडेरी र कमजोर शासनको परिणाम स्वरूप अफगानिस्तानको आधाभन्दा बढी जनसङ्ख्याले गम्भीर खाद्यान्न अभावको झेलिरहेको छ। सर्वेक्षणले गरिबीका कारण अफगानीको जीविकोपार्जनमा नकारात्मक असर परेको, ग्रामीण क्षेत्रका धेरै मानिसलाई उनीहरूको स्रोत विविधीकरणमा पर्याप्त उपलब्ध नभएको तथा करिब ६० प्रतिशत जनसङ्ख्या जलवायु आघातबाट पीडित भएका देखाएको छ।

यसैबीच, विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी)ले पनि अफगानिस्तानको आर्थिक सङ्कटलाई लिएर गम्भी। चिन्ता व्यक्त गरेको छ। व्याप्त आर्थिक सङ्कटले देशभरका परिवार र समुदायको जीविकोपार्जनमा समस्या भएको उसले बताएको छ। डब्ल्युएफपीले साना उद्यममा असर परेको, निजी कम्पनीले बिक्रीमा भएको कमी, उत्पादन र उपभोक्ता मागमा आएको विशाल गिरावटका कारण आधाभन्दा बढी कर्मचारी कटौती गरिएको जनाएको छ। लाखौँ अफगानी भोकमरीको चपेटामा पर्नसक्ने जनाउँदै उक्त संस्थाले मानवीय सङ्कटबाट अफगानिस्तानलाई जोगाउन भस्अन्तरराष्ट्रिय समुदायले सहयोग गर्नुपर्नेमा जोड दिएको छ।

## शीघ्र हतियार आपूर्ति गर्न युक्रेनको आग्रह

किएभ, १४ मङ्सिर (रासस/एएनआई)।

युक्रेनले देशमा शिशिर याम प्रारम्भ भएको बताउँदै उत्तर एटलाण्टिक सन्धि सङ्गठन (नाटो)र उसका सहयोगी राष्ट्रलाई यथाशक्य चाँडो हतियार आपूर्ति गर्न आग्रह गरेको छ। रुसी आक्रमणबाट आहत युक्रेनले समग्र सहायताको प्रक्रियालाई द्रुत गतिमा टुङ्ग्याउन अनुरोध पनि गरेको छ।

युक्रेनका विदेशमन्त्री दिमिट्रो कुलेबाले बुखारेस्टमा नाटोका विदेश मन्त्रीको जारी बैठकमा शीघ्र सहायता परिचालनका लागि आह्वान गर्दै क्षेप्यास्त्र आक्रमणबाट अवरुद्ध भएको देशको विद्युत् आपूर्ति प्रणाली तत्काल पुनःस्थापना गर्न अत्यावश्यक भएको बताए।

त्यस निम्ति पनि उनले नाटोको मद्दतका निम्ति अनुरोध गरेका अल जजीराले जनाएको छ। विदेशमन्त्री कुलेबाले आफ्नो देशको हवाई सुरक्षा प्रणालीलगायत पूर्वाधारको रक्षा गर्न बाह्य सहायता अपरिहार्य भएको बताएका थिए।

दशौँ महिनामा प्रवेश गरेको रुस-युक्रेन द्वन्द्वले युरोपलाई स्तब्ध पारेको छ। युरोपेली सङ्घ र उसका सदस्य राष्ट्रले युद्धको विभिषिकाबाट बच्न देश छाडेर भागेका युक्रेनीप्रति ऐक्यबद्धता जनाएका छन् भने पोल्याण्ड सरकारले युक्रेनी शरणार्थीलाई अस्थायीरुपमा खाना र आवासको व्यवस्था गरेको छ। यद्यपि पोल्याण्डले चार महिनादेखि भोजन र आवास पाइरहेका युक्रेनीलाई लामो समयसम्म आतिथ्यता प्रदान गर्न नसकिने बताउँदै आएको छ।

क्रेमलिनको सेनाले गरेको दश महिनाको निरन्तरको दमनले आवासीय भवन, सार्वजनिक भवन र ऊर्जा प्रवाहका सञ्जाल ध्वस्त भएका छन्। विश्व ब्याङ्कले युक्रेनमा हालसम्म तीन खर्ब ५० अर्ब डलर क्षति भएको अनुमान गरेको छ। युक्रेन युद्ध तत्काल अन्त्य हुनुपर्ने तथा त्यस निम्ति वार्ता र कूटनीतिको बाटोमा सम्बद्ध पक्ष अग्रसर हुनुपर्नेमा नाटो सहितका पश्चिमा राष्ट्रले जोड दिँदै आएका छन्।

# चुनावी प्रक्रिया र समाजवाद उन्मुख समाजको परिकल्पना विषयक अन्तरक्रिया सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १४ मंसिर ।**
कम्युनिष्ट आन्दोलनका संस्थापक नरबहादुर कर्मचार्यको नाममा रहेको स्मृति प्रतिष्ठानले बुधबार सप्तरीको खडक नगरपालिकास्थित कल्याणपुरमा वर्तमान चुनावी प्रक्रिया र समाजवाद उन्मुख समाजको परिकल्पना विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

प्रतिष्ठानका सप्तरी शाखा अध्यक्ष ध्रुव कुमार मण्डलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेश गृह तथा सञ्चार राज्य मन्त्री रूबी कुमारी कर्णले नेपाल जस्तो मुलुकमा खर्चिलो चुनाव दुर्भाग्य भएको वताएका छन् । मन्त्री कर्णले नरबहादुर जस्तो सदाचारीको सपना पुरा हुने विश्वास व्यक्त गर्दै देश समाजउन्मुख दिशामा नगएसम्म विकास सम्भव नहुने जिकिर समेत गरिन् ।

कार्यक्रममा खडक नगरपालिका प्रमुख जयप्रकाश चौधरी, प्रतिष्ठानका सल्लाहकार प्रथम लाल राम, नेता कलामउदीन खान, वडा अध्यक्ष कलामउदीन मियाँ, संस्थाका उपाध्यक्ष बद्री सदा, युवा विद्यार्थीहरूले समाजवादको वहस नेपालको लागी आवश्यक रहेको वताए ।

कार्यक्रमको सञ्चालन सचिव माला कुमारी कर्णले गरेकी थिइन् भने संस्थाका सदस्य सरस्वती चौधरीले स्वागत गरेकी थिइन् ।

# समानुपातिकतर्फ एक करोड मतगणना

काठमाडौँ, १४ मङ्सिर (रासस) ।
प्रतिनिधिसभा सदस्यको समानुपातिक प्रणालीतर्फ हालसम्म एक करोड ४२ हजार नौ सय ३२ मतगणना भएको छ ।

निर्वाचनका लागि कूल मतदाता एक करोड ७९ लाख आठ हजार आठ सय ५० रहेका थिए । प्रारम्भिक विवरणमा ६१ प्रतिशत (एक करोड नौ लाख ७३ हजार २७) मत खसेकामा अब करिब नौ लाख मतगणना बाँकी रहेको देखिएको छ ।

निर्वाचन आयोगको सूचना प्रणालीमा प्रविष्ट भएअनुसार उक्त प्रणालीतर्फ प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले निरन्तर अग्रता लिइरहेको छ । हालसम्म उक्त दलले २७ लाख एक हजार ७२ मत प्राप्त गरेको छ भने नेपाली कांग्रेसले २५ लाख ५९ हजार एक सय ७१ मतसहित दोस्रो स्थानमा रहेको छ ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र)ले ११ लाख ४५ हजार चार सय ४२, राष्ट्रिय स्वतन्त्र पार्टीले १० लाख ९८ हजार छ सय ६३, राष्ट्रिय प्रजातन्त्र पार्टीले पाँच लाख ७१ हजार एक सय ७५, जनता समाजवादी पार्टी नेपालले तीन लाख ९६ हजार आठ सय ३९ र जनमत पार्टीले तीन लाख ६० हजार छ सय ६९ मत प्राप्त गरेका छन् ।

प्रतिनिधिसभामा प्रत्यक्षतर्फ एक सय ६५ क्षेत्रमध्ये एक सय ६१ क्षेत्रको परिणाम सार्वजनिक भइसकेको छ । सुनसरी क्षेत्र नं ४, स्याङ्जा क्षेत्र नं २, दोलखा र बाजुराको परिणाम आइसकेपछि आयोगले 'सेन्ट लग' सूत्रअनुसार दलहरूले बुझाएको अन्तिम बन्द सूचीबाट समानुपातिकमा पाउने स्थान (सङ्ख्या) निर्धारण गर्नेछ । दोलखाका १० मतदान केन्द्रमा यही मङ्सिर १५ गते पुनः मतदान हुँदैछ भने स्याङ्जा र बाजुराको मतदानमा भएको विवादबारे चाँडै निकास दिइने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो ।

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

सप्तरीको छिन्नमस्ता गाउँपालिका वडा नं. ४ (साविक लालापट्टी २) निवासी अभास कुमार यादवको रजिष्ट्रशन नं. ७००५५०००७ भएको उच्च मावि शिक्षा परिषदको माईग्रेशन सर्टिफिकेट २०७९ साउन ५ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८६२९६५२१४ मा सम्पर्क गर्नुहोला ।

**नाम : अभास कुमार यादव**
**ठेगाना : छिन्नमस्ता गाउँपालिका ४, सप्तरी**
**रजिष्ट्रेशन नं. : ७००५५०००७**
**सि.नं. : २०५०५०५२**

# काम अलपत्र पार्ने बाह्र ठेकेदार कम्पनी कालोसूचीमा

काठमाडौँ, १४ मङ्सिर (रासस) ।
विकास तथा पूर्वाधार निर्माणका काम अलपत्र पार्ने र समयमा कार्य सम्पन्न नगर्ने १२ वटा कम्पनीलाई सार्वजनिक खरिद अनुगमन कार्यालयले कालोसूचीमा राखेको छ ।

बुधबार एक सूचना प्रकाशित गर्दै खरिद अनुगमन कार्यालयले ती कम्पनीहरूलाई निश्चित समयका लागि कुनै पनि सार्वजनिक निकायको खरिद कार्यमा संलग्न हुन नपाउने गरी प्रतिबन्ध लगाएको हो ।

खरिद अनुगमन कार्यालयका अनुसार होमनाथ गौतम मुख्य सञ्चालक रहेको भारत-सप्तकोसी जेभी काठमाडौँलाई साढे दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । सडक डिभिजन कार्यालय बुटवलले यो ठेकेदार कम्पनीलाई कालोसूचीमा राख्नका लागि सिफारिस गरेको थियो ।

रानीजमरा-कुलरिया सिँचाइ आयोजनाको काममा ढिलाइ गर्ने हाइग्रिवा/सिद्धि साँई प्रकाश जेभीलाई पनि दुई वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक देपेन्द्रबहादुर शाही र नरेन्द्र प्रधान रहनुभएको छ ।

त्यस्तै, हेटौँडा महानगरपालिकाको सिफारिसमा भरतपुर चितवनको हाइवे कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राखिएको छ । नारायण सुवेदी मुख्य सञ्चालक भएको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको सार्वजनिक खरिद अनुगमन कार्यालयले जनाएको छ ।

शहीद गङ्गालाल हृदय केन्द्र बाँसबारीको सिफारिसमा काठमाडौँको विधि बिल्डर्स प्रालि पनि कालोसूचीमा परेको छ । विप्लव पोखे्रल सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको हो ।

खलङ्गा जाजरकोटको साइबाबा एन्ड तारा कन्स्ट्रक्सन एक वर्षका लागि कालोसूचीमा परेको छ । सञ्जयाकुमारी राना (शाह) सञ्चालक रहेको यो कम्पनीलाई कालोसूचीमा राख्न टोखा नगरपालिकाले सिफारिस गरेको थियो ।

त्यस्तै, नेपाल कृषि अनुसन्धान परिषद्को सिफारिसमा जुम्लाको अनुकूल निर्माण सेवालाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीको सञ्चालक तिलबहादुर भण्डारी रहनुभएको छ ।

काठमाडौँको नयाँ बानेश्वरमा कार्यालय रहेको पाँचखाल कन्स्ट्रक्सन प्रालिलाई कालोसूचीमा राख्न पर्यटन विकास आयोजना हेटौँडाले सिफारिस गरेको थियो । प्रेमप्रसाद अधिकारी सञ्चालक रहेको यो कम्पनीलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ ।

गुर्भाकोट नगरपालिका-४ सुर्खेतमा रहेको प्रभु निर्माण सेवालाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ । रेशमबहादुर शाह सञ्चालक रहेको यो कम्पनीलाई कालोसूचीमा राख्न खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय सुर्खेतले सिफारिस गरेको थियो ।

उत्तरगया गाउँपालिका, रसुवाको सिफारिसमा सिद्धिजनक कन्स्ट्रक्सन एन्ड सप्लायर्स प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक सिद्धिबाबु रेग्मी रहनुभएको छ ।

कपिलवस्तु नगरपालिकाको सिफारिसमा रुपन्देहीको एसएसके निर्माण सेवा प्रालिलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीका सञ्चालक सफीउर्रहमान अन्सारी रहनुभएको छ ।

त्यसैगरी, कृषि विकास निर्देशनालय डोटीको सिफारिसमा कैलालीको सुर्मादेवी कन्स्ट्रक्सनलाई एक वर्षका लागि कालोसूचीमा राखिएको छ । यो कम्पनीको मुख्य सञ्चालक मीनाकुमारी शर्मा कोइराला हुनुहुन्छ ।

सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुर रौतहको सिफारिसमा नीलगिरि/नेसनल/क्यानोन जेभीलाई पनि एक वर्षका लागि कालोसूचीमा राखिएको छ । नीलगिरि निर्माण सेवा प्रालिका सञ्चालक युवराज डाँगी, नेशनल डेभलपमेन्ट सेवा प्रालिका सञ्चालक धनकुमार थापा र क्यानोन कन्स्ट्रक्सन प्रालिका सञ्चालक गौरव पुडासैनी रहनुभएको छ । यी तीनवटै कम्पनी एक वर्षका लागि कालोसूचीमा परेका छन् ।

कालोसूचीमा राखिएको अवधिभर यी कम्पनीले सार्वजनिक निकायको खरिद कार्यमा सहभागी हुन पाउनेछैनन् ।

लैङ्गिक हिंसा र दुर्व्यवहारः छैन हामीलाई स्वीकार
आउनुहोस हामी सबै महिला माथी हुने हिंसा विरुद्धको अभियानमा सहभागी बनौं।
घरघरबाट शुरु गरौ, महिला हिंसा अन्त्य गरौं।
२०७९ मंसिर ९ गतेदेखि मंसिर २४ गतेसम्म हुने लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit
हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*